साकेला गाउँपालिकाको

अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

# आर्थिक विधेयक, २०७४

गाउँसभाबाट स्वीकृत मितिः २०७४।०५।२९

साकेला गाउँपालिका

१ नं.प्रदेश, नेपाल

साकेला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना: साकेला गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम साकेला गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "साकेला गाउँपालिकाको आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूचि-१ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि-१ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि-१ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. सवारी साधन कर/ पटके सवारी करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि-१बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि-१ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि -१ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि -१ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि- १ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. सेवा शुल्क, दस्तुरः गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि-१ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. एकिकृत सम्पति करः एकिकृत सम्पति कर विस्तृत अध्ययन गरेपश्चात् अनुसूचि-१ बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

१२. जीवजन्तु करः कानूनअनुसार ओसारपसार गर्न छुट भएका जीवजन्तुजन्य पदार्थको ओसारपसारमा अध्ययन पश्चात् अनुसुचि-१अनुसार लगाइने र असुल उपर गरिनेछ ।

१३. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

साकेला गाउँपालिकाको गाउँसभाबाट मिति २०७४।५।२९ मा पारित आर्थिक विधेयक नियमानुसार प्रमाणित गर्दछु ।

अर्जुन कुमार खड्का
अध्यक्ष

मितिः-२०७४।५।३०

साकेला गाउँपालिका

अनुसूचि १

| | | | | | |
|---|---|---|---|---|---|
| | सेवा शुल्क | | | | |
| | सिफारीस र प्रमाणित शुल्क | | | | |
| | विवरण | विस्तृत बिबरण | दर(रु.) | | |
| १ | घरजग्गा नामसारी सिफारीस | ५ रोपनी सम्म | १००।०० | | |
| | | ५ देखि १० रोपनीसम्म | १५०।०० | | |
| | | १० देखि २० रोपनीसम्म | २००।०० | | |
| | | २० देखि ५० रोपनीसम्म | ३००।०० | | |
| | | ५० रोपनीभन्दा माथि | ५००।०० | | |
| | उदाहरण: ठीक ५ रोपनी जग्गा छ भने दस्तुर रु. १५० लाग्नेछ र सो भन्दा तल भएमा रु. १०० लाग्नेछ। | | | | |
| २ | मोही लगत कट्टा सिफारीस | १ रोपनी सम्मको | १००।०० | | |
| | | १ रोपनी भन्दा माथिको | २००।०० | | |
| ३ | घर कायम सिफारीस | पक्की घर (प्रति वर्ग फिट) | ३।०० | | |
| | | कच्ची घर (प्रति वर्ग फिट) | २।०० | | |
| ४ | सरजमिन सिफारीस दस्तुर | | १००।०० | | |
| ५ | छात्रवृति सिफारीस | | १००।०० | | |
| ६ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क | | |
| ७ | अपाङ्गता भएको सिफारीस | | निशुल्क | | |
| ८ | अस्थाइ बसोबास सिफारीस | | १००।०० | | |
| ९ | स्थायी बसोबास सिफारीस | | १००।०० | | |
| १० | नागरिकता सिफारीस | वंशज | १००।०० | | |
| | | अंगिकृत | ५००।०० | | |
| ११ | विधुत जडान सिफारीस | | १००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | धारा जडान सिफारीस | | १००।०० | | |
| १३ | जीवित रहेको सिफारीस | | १००।०० | | |
| १४ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | १००।०० | | |
| १५ | व्यवसाय बन्द सिफारीस | | १००।०० | | |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | १००।०० | | |
| १७ | व्यापार व्यवसाय नभएको सिफारीस | | १००।०० | | |
| १८ | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क | | |
| १९ | नाबालक परिचयपत्र सिफारीस | | ५०।०० | | |
| २० | चौपाया सम्बन्धी सिफारीस | | ५[illegible]।०० | | |
| २१ | व्यवसाय दर्ता सिफारीस | | ५००।०० | | |
| २२ | उद्योग ठाउँसारी सिफारीस | | ५००।०० | | |
| २३ | विद्यालय ठाउँसारी सिफारीस | | २००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | आन्तरिक बसाइसराइ सिफारीस | | १००।०० | | |
| २५ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | ५००।०० | | |
| २६ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | १००।०० | | |
| २७ | जग्गा दर्ता सिफारीस | | २००।०० | | |
| २८ | संरक्षक सिफारीस व्यक्तिगत | | १००।०० | | |
| २९ | संरक्षक सिफारीस संस्थागत | | २००।०० | | |
| ३० | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | | १००।०० | | |
| ३१ | कोठा खोल्न कार्य रोहवरमा बस्ने सिफारीस | | १००।०० | | |
| ३२ | स्वास्थ्य उपचारको सिफारीस | अति विपन्न परिवारको लागि मात्र | निशुल्क | | |
| ३३ | संस्था दर्ता सिफारीस | | ५००।०० | | |
| ३४ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | १००।०० | | |
| ३५ | जीवित सँगको नाता प्रमाणित | | १००।०० | | |
| ३६ | मृतकसँगको नाता प्रमाणित | | १००।०० | | |
| ३७ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | ५०।०० | | |
| ३९ | जग्गा मुल्याङ्कन सिफारीस/ प्रमाणित | | प्रति १००० मा ७५ पैसा | | |
| ४० | चारकिल्ला प्रमाणित | | १००।०० | | |
| ४१ | जन्ममिति प्रमाणित | | १००।०० | | |
| ४१ | घर बाटो प्रमाणित | बाटो भएको<br>बाटो नभएको | १००।०० | | |
| ४२ | विवाह प्रमाणित | | १००।०० | | |
| ४३ | घर पाताल प्रमाणित | | १००।०० | | |
| ४४ | कागज/ मञ्जुरिनामा प्रमाणित | | १००।०० | | |
| ४५ | हकवाला वा हकदार प्रमाणित | | १००।०० | | |
| ४६ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | १०००।०० | | |
| | | कच्ची | ५००।०० | | |
| ४७ | अविवाहित प्रमाणित | | १००।०० | | |
| ४८ | अपुताली सिफारिस | | १००।०० | | |
| ४९ | अन्य सिफारीस वा प्रमाणित | | १००।०० | | |
| ५० | घर नक्सापास दस्तुर | पक्की घर | १०००।०० | | |
| | | कच्ची घर | ५००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | नक्सा पास निवेदन फाराम दस्तुर | | ५०।०० | | |
| ५२ | सरसफाइ शुल्क | मासिक | ५०।०० | | |
| | | सरसफाइ कार्डको | १००।०० | | |
| | सरसफाइ सम्बन्धी पुर्वाधार बनेपछि लाग्नेछ । | | | | |
| ५३ | घर खाली गराउँदा प्रतिदिन | | ५००।०० | | |
| | | | | | |
| माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनः लाग्नेछ । र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु. ५०० लाग्नेछ । माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपयाँ दस्तुर लाग्नेछ । | | | | | |
| | **दर्ता शुल्क** | | | | |
| ५४ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क<br>अन्यथा | १००।०० | | |
| ५५ | मृत्यु दर्ता | ३५ दिनभित्र भए निशुल्क<br>अन्यथा | १००।०० | | |
| ५६ | बसाइसराइ जाने आउने दर्ता | | १००।०० | | |
| ५७ | सम्बन्धविच्छेद दर्ता | | १००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५८ | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००।०० | | |
| ५९ | नया व्यवसाय दर्ता | १ लाख सम्मको | २००।०० | | |
| | | १ लाख देखि ५ लाखसम्मो | ३००।०० | | |
| | | ५ लाखदेखि २० लाख सम्मको | ५००।०० | | |
| | | २० लाखदेखि माथि | १०००।०० | | |
| ६० | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | २००।०० | | |
| ६१ | व्यवसाय नविकरण | १ लाख सम्मको | १००।०० | | |
| | | १ लाख देखि ५ लाखसम्मो | १५०।०० | | |
| | | ५ लाखदेखि २० लाख सम्मको | २५०।०० | | |
| | | २० लाखदेखि माथि | ५००।०० | | |
| | | | | | |
| | कर | | | | |
| ६२ | एकिकृत सम्पति कर | एकिकृत सम्पति कर पछि विस्तृत अध्ययन गरी लगाइने । | | | |
| ६३ | घर बहाल कर | कोठा वा घरभाडाको | १० प्रतिशत | | |
| ६४ | विज्ञापन कर | सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक | ५००।०० | | |
| ६५ | मालपोत/ भुमि कर | बारी | | | |
| | | अब्वल (१० रोपनी भन्दा कम ) | ३०।०० | | |
| | | अब्वल (१० रोपनी भन्दा बढी ) | ६०।०० | | |
| | | दोयम (१० रोपनी भन्दा कम ) | २५।०० | | |
| | | दोयम (१० रोपनी भन्दा बढी ) | ५०।०० | | |
| | | सीम (१० रोपनी भन्दा कम ) | २०।०० | | |
| | | सीम (१० रोपनी भन्दा बढी ) | ४०।०० | | |
| | | चाहार (१० रोपनी भन्दा कम ) | १५।०० | | |
| | | चाहार (१० रोपनी भन्दा बढी ) | ३०।०० | | |
| | | खेत | | | |
| | | अब्वल (१० रोपनी भन्दा कम ) | ५०।०० | | |
| | | अब्वल (१० रोपनी भन्दा बढी ) | १००।०० | | |
| | | दोयम (१० रोपनी भन्दा कम ) | ४०।०० | | |
| | | दोयम (१० रोपनी भन्दा बढी ) | ८०।०० | | |
| | | सीम (१० रोपनी भन्दा कम ) | ३०।०० | | |
| | | सीम (१० रोपनी भन्दा बढी ) | ५०।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | चाहार (१० रोपनी भन्दा कम ) | २०।०० | | |
| | | चाहार (१० रोपनी भन्दा बढी ) | ४०।०० | | |

नोटः २ वर्षभन्दा लामो समय सम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५%, ५वर्षभन्दा बढी समय नबुझाउनेलाई ३५% ,र ८ वर्षभन्दा लामो समय कर नबुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ । तर आव २०७४/०७५भन्दा अगाडिको मालपोत रकम र जरिवाना साबिककै नियम र दररेट अनुसार लाग्नेछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| 66 | स्रोत परिचालन | हलभाडा प्रतिदिन | २००।०० | | |
| | | कुर्सी भाडा प्रतिदिन/ प्रतिगोटा | ५।०० | | |
| | | | | | |
| | व्यवसाय कर | | | | |
| 67 | मदिरा पसल | वितरक | ३०००।०० | | |
| | | थोक | २०००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 68 | चुरोट बिडी सुर्ती जन्य | वितरक | २०००।०० | | |
| | | थोक | १५००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 69 | हल्का पेय पदार्थ | वितरक | १५००।०० | | |
| | | थोक | १०००।०० | | |
| | | खुद्रा | ५००।०० | | |
| 70 | सुनचाँदी पसल | थोक | १५००।०० | | |
| | | खुद्रा पसल र मर्मत | १०००।०० | | |
| 71 | औषधी पसल | थोक | ३०००।०० | | |
| | | खुद्रा डाक्टर भएको | २०००।०० | | |
| | | खुद्रा डाक्टर नभएको | १५००।०० | | |
| 72 | माछामासु बिक्री पसल | | २०००।०० | | |
| 73 | आयुर्वेदिक औषधी पसल | | ५००।०० | | |
| 74 | एग्रोभेट पसल | थोक | २०००।०० | | |
| | | खुद्रा | ५००।०० | | |
| 75 | स्टेशनरी तथा पुस्तक पसल | थोक | १५००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 76 | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | २०००।०० | | |
| | | साधारण प्रेस | १०००।०० | | |
| 77 | कस्मेटिक पसल | | ५००।०० | | |
| 78 | मोटर पार्ट्स | थोक | २०००।०० | | |
| | | खुद्रा | १५००।०० | | |
| 79 | प्लाइ तथा ग्लास | थोक | २५००।०० | | |
| | | खुद्रा | १५००।०० | | |
| 80 | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | १५००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खुद्रा | ५००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 81 | धागो टाक पसल | थोक | ५००।०० | | |
| | | खुद्रा | २००।०० | | |
| 82 | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | ३०००।०० | | |
| | | थोक | १५००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 83 | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | ५०००।०० | | |
| | | खुद्रा | ३०००।०० | | |
| 84 | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००।०० | | |
| | | पेट्रोल डिजेल वा मट्टितेल बिक्री केन्द्र | १५००।०० | | |
| | | ग्यास सिलिन्डर सब डिलर | ५००।०० | | |
| 85 | स्टिल आलमुनियम पसल | थोक | २०००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 86 | फर्निचर | थोक | १५००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 87 | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | निजी खानीबाट | २०००।०० | | |
| 88 | कपडा सिलाइ कटाइ तथा टेलरिङ | | २००।०० | | |
| 89 | स्नुकर तथा पुल हाउस | | २०००।०० | | |
| 90 | क्यारेम बोर्ड | | २००।०० | | |
| 91 | पशु आहार बिक्री केन्द्र | | १०००।०० | | |
| 92 | किराना पसल | थोक | १५००।०० | | |
| | | खुद्रा | ५००।०० | | |
| 93 | फलफूल/तरकारी पसल | थोक | ८००।०० | | |
| | | खुद्रा | २००।०० | | |
| 94 | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | १०००।०० | | |
| | | खुद्रा | ५००।०० | | |
| 95 | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | २०००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 96 | माटाको भाँडा पसल | थोक, खुद्रा | २००।०० | | |
| 97 | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | १०००।०० | | |
| | | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | १०००।०० | | |
| | | कानुन व्यावसायी ल फर्म | १०००।०० | | |
| | | लेखापरीक्षण व्यावसायी | १०००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | दन्तचिकित्सक | १०००।०० | | |
| | | अनुसन्धानकर्ता परामर्शदाता | १०००।०० | | |
| | | पशु चिकित्सक डाक्टर | १०००।०० | | |
| | | रोजगार सेवा | १०००।०० | | |
| 98 | ढुवानी तथा ट्रान्सपोर्ट | | २०००।०० | | |
| 99 | पेन्टर/ साइनबोर्ड लेख्ने | | ५०० ।०० | | |
| 100 | खोटो व्यवसायी | | ५०० ।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 101 | जग्गा व्यवसायी | | १००० ।०० | | |
| 102 | निर्माण व्यवसायी | | ३००० ।०० | | |
| 103 | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ५०० ।०० | | |
| | | | | | |
| | | उत्पादनमूलक उद्योग | | | |
| 104 | ग्रील उद्योग | | १००० ।०० | | |
| 105 | जुत्ता उद्योग | | १००० ।०० | | |
| 106 | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | ५०० ।०० | | |
| 107 | कपडा तथा गार्मेन्ट उद्यौोग | | १००० ।०० | | |
| 108 | सिरक डसना पसल | | ५०० ।०० | | |
| 109 | कुटानी पिसानी मिल | | १००० ।०० | | |
| 110 | मसला मिल | | ५०० ।०० | | |
| | नोटः यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानी मिल पनि छ भने कुटानी पेलानी मिलकै व्यवसाय कर लाग्ने छ । | | | | |
| 111 | डेरी उद्योग/ व्यवसाय | | ५०० ।०० | | |
| 112 | उपभोग्य बस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | ५०० ।०० | | |
| | | दालमोट पाउरोटी चाउमीन | ५०० ।०० | | |
| | | पापड, फिंगर चिप्स | ५०० ।०० | | |
| 113 | बनजन्य उद्योग | स-मिल, प्लाइउड उद्योग | ३००० ।०० | | |
| | | काठ बिक्री डिपो | २००० ।०० | | |
| 114 | क्रसर+कन्क्रीट+इटा भट्टा उद्योग | | ५००० ।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 115 | ढाकाटोपी,पस्मिना उद्योग | | ५००।०० | | |
| 116 | सुर्तिजन्य उद्योग | | ३०००।०० | | |
| 117 | होटल लज रेष्टुरेन्ट | होटल र लज | २०००।०० | | |
| | | भोजनालय | १०००।०० | | |
| | | मिठाई पसल | ५००।०० | | |
| | | पार्टी प्यालेस | २५००।०० | | |
| | | रेष्टुरेन्ट-बार | २०००।०० | | |
| | | चिया र खाजा पसल | ५००।०० | | |
| | | खाना,खाजा-नास्ता पसल (मदिरासहित) | २०००।०० | | |
| 118 | टेन्ट हाउस | | २०००।०० | | |
| | | | | | |
| | सेवा उद्योग | | | | |
| 119 | सञ्चार | एफ.एम. प्रसारण | २०००।०० | | |
| | | केवुल च्यानल प्रसारण | २०००।०० | | |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १०००।०० | | |
| | | फोटोकपी, कलर ल्याब/ फोटोस्टुडियो | ५००।०० | | |
| | | कुरियर सेवा | १०००।०० | | |
| 120 | वित्तीय | वाणिज्य बैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ३०००।०० | | |
| | | विकास बैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ३०००।०० | | |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | २०००।०० | | |
| | | वित्तीय/ ऋण सहकारी संस्था | १०००।०० | | |
| | | मनी ट्रान्सफर | ५००।०० | | |
| | | बिमा कम्पनी | २०००।०० | | |
| | | लघु वित्त | २०००।०० | | |
| 121 | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ होम | २५००।०० | | |
| | | क्लिनिक तथा ल्याब | १५००।०० | | |
| | | चस्मा पसल | १५००।०० | | |
| 122 | शिक्षा सेवा निजी | क्याम्पस | २०००।०० | | |
| | | मावि/ उच्चमावि | १०००।०० | | |
| | | मावि | १०००।०० | | |
| | | आधारभूत | १०००।०० | | |
| | | प्राथिमिक | १०००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | छात्राबास | १०००।०० | | |
| | | मन्टेश्वरी | १०००।०० | | |
| | | पूर्व प्राथमिक | ५००।०० | | |
| | | ट्युशन सेन्टर | ५००।०० | | |
| | | कम्प्युटर / नृत्यकला सिकाइ केन्द्र | ५००।०० | | |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १०००।०० | | |
| 123 | मर्मत सम्भार | ग्यारेज, अटो केयर, वर्कसप | १५००।०० | | |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १०००।०० | | |
| | | अन्य विविध मर्मत | १०००।०० | | |
| 124 | ड्राइ क्लिनिक, ब्युटी पार्लर तथा सैलुन | | ५००।०० | | |
| 125 | फूल बिरुवा नर्सरी | | ५००।०० | | |
| 126 | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | १०००।०० | | |
| | | अन्तराष्ट्रिय | ३०००।०० | | |
| 127 | सवारी साधन कर | बस ट्रक लरी र हेभी गाडी डोजर | २५००।०० | | |
| | | भाडाका कार जिप | २०००।०० | | |
| | | ट्रयाक्टर | १५००।०० | | |
| | | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | २००।०० | | |
| | | ठेलागाडा तथा रिक्सामा | २००।०० | | |
| 128 | पटके सवारी कर | | ५०।०० | | |
| | | | | | |
| | द्रष्टव्यः एक गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन पाउँनेछैन । | | | | |
| 129 | मनोरञ्जन कर | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २.००% | | |
| | | जादु सर्कस चटक आदिमा | प्रतिदिन ३०० | | |
| 130 | बहाल कर | हेवी इक्यूप्मेन्ट(डोजर,जे.सि.बि,आदि) | खुद भाडाको १०% | | |
| 131 | बहाल बिटौरी कर | टहरो छाप्रोको मासिक | ५०।०० | | |
| | | घुम्ती मासिक | ५०।०० | | |
| | | ठेला मासिक | ५०।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 132 | पार्किङ्ग शुल्कः प्रतिदिन | बस, ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | २०।०० | | |
| | | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन प्रति गोटा | १०।०० | | |
| | नोटः पार्किङ्ग शुल्क बसपार्क स्थल व्यवस्थित भएपछि मात्र लाग्ने । | | | | |
| 133 | हाटबजार कर | वार्षिक (ठेक्का) | ठेक्का प्रक्रियाबाट तय हुने | | |
| 134 | बालुवा ढुंङ्गा कर (तावा /साप्सु खोला) | वार्षिक (ठेक्का)/प्रति खोला | ठेक्का प्रक्रियाबाट तय हुने | | |
| | | | | | |

| | निकाशी कर | | | | |
|---|---|---|---|---|---|
| | जडीबुटी, कृषि तथा वन पैदावार | विस्तृत विवरण | | | |
| १ | अमैंची | प्रति के.जी. रु.१० | | | |
| २ | अदुवा | प्रति के.जी. ५० पैसा | | | |
| ३ | चिराइतो | प्रति के.जी. रु. ५ | | | |
| ४ | मजिटो | प्रति के.जी. रु. २ | | | |
| ५ | सिन्कौली (तेजपत्ता) | प्रति के.जी. रु. १ | | | |
| | | | | | |
| १ | भैंसी/राँगा | प्रतिगोटा १०० | | | |
| २ | गाइ/गोरु | प्रतिगोटा १०० | | | |
| ३ | खसी बाख्रा | प्रतिगोटा २५ | | | |